# Nepali - नेपाली

आप्रवासी कामदार तथा भिसा भएकाहरू लगायत अष्ट्रेलियामा काम गर्ने सबै कामदारहरूका लागि एउटै कार्यस्थल अधिकार हुन्छ।

अष्ट्रेलियामा सबै रोजगारदाताहरूले, उनीहरूको कामदारहरू भिसा लिएर आएका भए पनि, उनीहरूले कार्यस्थलको कानूनको पालना गर्नुपर्छ, यदि हामी तपाईंलाई तपाईंको काममा अधिकार  तथा जिम्मेवारीहरू बुझ्न सहयोग गर्न सक्छौँ।

अष्ट्रेलियामा काम गराइको बारेमा हाम्रो छोटो भिडियो हेर्नुहोस्।



## शुरू गरौँ

अष्ट्रेलियामा काम गर्नेबारेमा थप जान्नुहोस्:

- तलब
- बिदा तथा कामबाट छुट्टी
- रोजगारी अन्त्य गर्दा
- सहयोग चाहिए
- सम्पर्क गर्नुस्

थप जानकारीका लागि हाम्रो नयाँ काम शुरू गर्ने निर्देशिका (DOCX 285.8KB) (www.fairwork.gov.au/ArticleDocuments/740/nepali-guide-to-starting-a-new-job.docx.aspx)   (PDF 567.8KB) (www.fairwork.gov.au/ArticleDocuments/740/nepali-guide-to-starting-a-new-job.pdf.aspx) (Guide to starting a new job) हेर्नुस् ।

## तलब

सबै कामदारहरूलाई भुक्तानी गर्नुपर्ने विभिन्न कामका लागि विभिन्न न्यूनतम तलब दरहरू छन्। निर्देशिकाको रूपमा, कुनै कामदार जो 21 वर्ष वा सोभन्दा बढीको छ उसले कम्तीमा $20.33 प्रतिघण्टा वा यदि उसले तलबी बिदा पाउँदैन भने $25.41 प्रतिघण्टा प्राप्त गर्नुपर्छ।

थप जानकारीका लागि हाम्रो कामका लागि भुक्तानी पृष्ठ (www.fairwork.gov.au/language-help/nepali/payment-for-work) हेर्नुहोस्।

यदि कुनै कामदारले तालिम लिनुपरेमा, सभामा भाग लिन परेमा वा उनीहरूको जागिरका लागि व्यवसाय खोल्न वा बन्द गर्नुपरेमा उनीहरूले गरेको सबै कामका

घण्टाहरूका लागि सही भुक्तानी गरिनुपर्छ। कामदारलाई रकमका रूपमा तलब दिइनुपर्छ, न कि सामान तथा सेवाहरू जस्तै खाद्यान्न, लत्ताकपडा वा बसोबास।

## बिदा तथा कामबाट छुट्टि लिँदा

कामदारहरूले कामबाट छुट्टी लिन सक्छन्। यसलाई बिदा (leave) भनिन्छ। यसमा निम्न समावेश हुन्छनः

- बिदाका लागि तलबी छुट्टी
- बिरामी हुँदा वा अरूलाई हेरचाह गर्दा तलबी बिदा
- बच्चा हुँदा पाइने बिदा

थप जानकारीका लागि हाम्रो बिदा तथा कामबाट छुट्टी लिँदा पृष्ठ (www.fairwork.gov.au/language-help/nepali/holidays-and-taking-time-off-work) मा हेर्नुहोस्।

## रोजगारी अन्त्य गर्दा

कामदारले राजिनामा दिन सक्छ वा निष्कासित हुन् सक्छ (निकालिनु)।

सही सूचना (notice) अवधि दिनु महत्वपूर्ण हुन्छ। सूचना तथा रिडन्डेन्सी (redundancy) बापत पाउने सुविधा पत्ता लगाउन हाम्रो सूचना तथा रिडन्डेन्सी क्यालकुलेटर प्रयोग गर्नुहोस् (Notice and Redundancy Calculator (https://calculate.fairwork.gov.au/endingemployment) )

## सहयोग चाहिन्छ?

तपाईँलाई काममा तलब वा शर्तहरूमा समस्या छ भने हामी तपाईँलाई सहयोग गर्न सक्छौँ। तपाईँकै भाषामा हामीसँग बोल्नुहोस् ।

Fair Work Ombudsman ले कार्यस्थलको विवादमा कसरी तपाईँलाई सहयोग गर्न सक्छ भन्ने थप जानकारीका लागि कृपया हाम्रो कार्यस्थलको विवाद सुल्झाउन सहयोग (www.fairwork.gov.au/language-help/nepali/issues-in-the-workplace/resolving-workplace-disputes) पृष्ठ हेर्नुहोस्।

यदि तपाईँलाई कसैले कार्यस्थलका कानुनहरूको पालना नगरेकोमा चिन्ता छ तर तपाईँ त्यसमा संलग्न हुन चाहनुहुन्न भने, तपाईँले समस्यालाई बेनामी वा अपरिचितरूपमा हामीलाई उजुरी गर्न (www.fairwork.gov.au/language-help/nepali/issues-in-the-workplace/default) पनि सक्नुहुन्छ।

कामदारले Fair Work Ombudsman लाई सम्पर्क गरेर उनीहरूको तलब तथा सुविधाहरूबारेमा जानकारी मागेमा उनीहरू कुनै अप्ठ्यारोमा पर्ने छैन।

## हामीलाई सम्पर्क गर्नुहोस्

यदि तपाईँलाई दोभाषे चाहिन्छ भने अनुवाद तथा दोभाषे सेवा (TIS) लाई 131 450 मा निःशुल्क सम्पर्क गरेर तपाईँको भाषामा हामीसँग कुरा गर्ने समय मिलाउनुहोस्। अपरेटरलाई तपाईँको बोल्ने भाषा भन्नुहोस् र उनीहरूलाई हामीलाई 131 394 मा फोन गर्न आग्रह गर्नुहोस्। अष्ट्रेलिया बाहिरबाट TIS लाई +61 3 9268 8332 मा सम्पर्क गर्न सक्नुहुन्छ।

### यसपछि के गर्ने

- कसैले कार्यस्थलको कानूनको पालना नगरेको भनेर के तपाईँ चिन्तित हुनुहुन्छ? परिचय नखुलाइकन तपाईँले हामीलाई यसबारेमा बताउन सक्नुहुन्छ। अब अज्ञात रिपोर्ट (www.fairwork.gov.au/language-help/nepali/issues-in-the-workplace/default) बनाउनुस्

**Page reference No: 2818**

## Contact us

Fair Work Online: www.fairwork.gov.au
Fair Work Infoline: 13 13 94
Need language help?
Contact the Translating and Interpreting Service (TIS) on 13 14 50
Hearing & speech assistance
Call through the National Relay Service (NRS):
For TTY: 13 36 77. Ask for the Fair Work Infoline 13 13 94
Speak & Listen: 1300 555 727. Ask for the Fair Work Infoline 13 13 94

The Fair Work Ombudsman is committed to providing advice that you can rely on. The information contained on this website is general in nature. If you are unsure about how it applies to your situation you can call our Infoline on 13 13 94 or speak with a union, industry association or workplace relations professional. Visitors are warned that this site may inadvertently contain names or pictures of Aboriginal and Torres Strait Islander people who have recently died.